कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ८ | वि.सं. २०८१ | बैशाख ९ आइतवार | नेपाल संवत: ११४४, चैत शुक्ल द्वादशी | Sunday 21 Apr. 2024 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

# नयाँ शहर आयोजनाका पूर्वाधार निर्माण सुस्त

**युग संवाददाता**
**सुर्खेत, ८ वैशाख ।**

पहाडबाट तराईमा बसाईसराई बढ्दै गएपछि सरकारले २०६८ मा मध्यपहाडी राजमार्गले छुने १० ठाउँलाई नयाँ सहरको रुपमा घोषणा गऱ्यो । पहाडबाट तराई क्षेत्रमा बसोबास गर्न बसाईसराईलाई रोक्ने उद्देश्यले योजनाबद्ध रुपमा नै पहाडमा नयाँ सहर बनाउने योजना थालिएको थियो । त्यसबेला नयाँ सहरको रुपमा विकास गर्ने ठाउँ मध्येको एक हो, दैलेखको राकम कर्णाली ।

जुन दैलेखको पश्चिममा पर्ने आठबीस नगरमा पर्छ । सरकारले घोषणा गरेको लक्ष्य अनुसार पूर्वाधार निर्माणले तिब्रता नपाउँदा १२ बर्षमा न नयाँ भनेर घोषणा भएका राकम कर्णालीले व्यवस्थित रुप पायो न त बसाईसराई नै रोकियो ।

नयाँ सहर आयोजनाको लक्ष्य अनुसारको काम सुस्त हुँदा राकम कर्णालीमै गुणस्तरीय स्वास्थ्य, शिक्षा र रोजगारीको अभाव हुँदा दिन प्रतिदिन तराई क्षेत्रतर्फ बसाईसराई बढ्दै गएको छ । समयमै काम नहुँदा प्रस्तावित नयाँ सहरी क्षेत्रमा अव्यवस्थित सहरीकरण बढेको स्थानीय जानकारहरु बताउँछन् ।

नयाँ सहरको चर्चाका कारण जग्गाको भाउ त बढ्यो, तर पूर्वाधार नहुँदा वस्ती विकास हुन सकेको छैन् । जसका कारण पहाडकै अन्य ठूला सहर र तराईमा हुने बसाइसराइ रोकिएन् । आयोजनाले सडक, नाला र केहि

बाँकी ४ पेजमा



## २६ करोडमात्रै खर्च

नयाँ शहर आयोजनाले उपलब्ध गराएको तथ्यांक अनुसार आर्थिक वर्ष २०७०/०७१ र ०७१/०७२ मा बजेट नै प्राप्त नभएको देखिन्छ । कार्यालय स्थापनादेखि आर्थिक वर्ष २०७९/०८० सम्म कुल ५६ करोड छ लाख रुपैयाँ बजेट विनियोजन भएकोमा २६ करोड २८ लाख रुपैयाँ खर्च भएको कार्यालयको तथ्यांक छ ।

नयाँ सहर आयोजना राकमकर्णालीमा आर्थिक वर्ष २०७२/०७३ मा ११ करोड तीन लाख विनियोजन भएकोमा पाँच करोड नौ लाखमात्रै खर्च भएको थियो । यस्तै आर्थिक वर्ष २०७३/०७४ मा सरकारले पठाएको छ करोड ५८ लाख मध्ये एक करोड पाँच लाख रुपैयाँ कार्यान्वयन भएको देखिन्छ ।

बाँकी ४ पेजमा

## आयोजना प्रमुख नै छैनन्

नयाँ शहर आयोजनाको कार्यालयमा लामो समयदेखि आयोजना प्रमुख नै छैनन् । कार्यालयमा आयोजना प्रमुखको रुपमा रापद्धितिय इन्जिनियरको दरबन्दी भएपनि लामो समयदेखि पदपुर्ती हुन सकेको छैन् । आयोजना उपप्रमुख प्रवेशराज लामिछानेका अनुसार हाल स्थायी तीन जना र करारमा आठ जना कर्मचारीको दरबन्दी छ ।

आयोजना कार्यालयमा आयोजना प्रमुखसहित पर्याप्त कर्मचारी नहुँदा काममा समस्या भईरहेको लामिछाने बताउँछन् । कार्यालयमा कार्यालय प्रमुखको दरबन्धी भएता पनि इन्जिनियरलाई समेत खटाउन नसक्दा काम गर्न स्पष्टताको कमि भएको लामिछानेको भनाई छ । कार्यालयमा संगठित संचना अनुसार पदपुर्ति हुन सकेको छैन् ।

## आयोजनालाई समस्या र चुनौतीका चाङ

सरकारले नयाँ सहर आयोजना कार्यान्वयनमा ल्याएदेखि नै राकमकर्णालीमा समस्या र चुनौतीका चाङ छन् । कर्णाली

बाँकी ३ पेजमा

## स-साना काम नै मुख्य उपलब्धी

आयोजना सुरु भएदेखि हालसम्म ग्रावेल र नयाँ सडक खन्ने कामसहित १९.६ किमी सडक निर्माण भएको छ । आयोजना उपप्रमुख प्रवेशराज लामिछानेका अनुसार हालसम्म दुई सय मिटर सडक कालोपत्रे निर्माण भएको छ । 'हालसम्म एक सय मिटर सडक ढलान भएको छ, ११ किमी सडक नाला निर्माण भएको छ,' आयोजना उपप्रमुख प्रवेशराज लामिछानेले भने ।

आयोजनाको कार्यालय, सामुदायिक भवनसहित ३ वटा सरकारी भवन निर्माण हुने क्रममा रहेको उनले बताए । सौर्य वत्ति जडान, एक वटा तरकारी फलफूल हाट बजार, चार वटा खानेपानी आयोजना निर्माण नै आयोजनाले प्रमुख उपलब्धीको रुपमा लिएको छ । हाल एक वटा जग्गा विकास कार्यक्रम सञ्चालन भईरहेको आयोजना उपप्रमुख प्रवेशराज लामिछानेले जानकारी दिए ।

## पत्रकार महासंघको साधारणसभामा आठ पत्रकार पुरस्कृत




**युग संवाददाता**
**सर्खेत, ८ वैशाख ।**

सुर्खेतमा सक्रिय पत्रकारितामा संलग्न आठ जना पत्रकार पुरस्कृत भएका छन् । नेपाल पत्रकार महासंघ सुर्खेत शाखाले पत्रकारहरुलाई विभिन्न विद्याका पुरस्कारबाट पुरस्कृत गरेको हो । शनिवार १२ औं अधिवेशन तथा साधारण सभाको अवसरमा महासंघले बर्षेनी प्रदान गर्दै आएका पुरस्कारहरु प्रदान गरेको हो ।

जसमा महासंघले त्यसै वर्ष स्थापना गरेको क्रियाशिल पत्रकारिता पुरस्कार युगहाह्वानकर्मी ओम शाहीलाई प्रदान गरेको छ । यस्तै महासंघले युवा पत्रकारिता पुरस्कार गोरखापत्र दैनिकका नविन सुवेदीलाई प्रदान गरेको छ । महासंघले कान्तिपुर टिभीका कमल पन्तलाई यस बर्षको वर्ष पत्रकारिता पुरस्कार, पत्रकारद्धय आकाशतारा बयक र रमेश रावललाई शान्ति तथा विकास पत्रकारिता पुरस्कार प्रदान गरेको छ ।

त्यस्तै, पत्रकारद्धय शेरबहादुर थापा र चन्द्रा कंडेललाई खानेपानी तथा सरसफाई, रेडियो भेरीकी डिलु रावतलाई स्वर्गीय नन्दगेलाङ स्मृति पत्रकारिता पुरस्कार प्रदान गरिएको महासंघले जनाएको छ । पुरस्कृत पत्रकारहरुलाई प्रदेश प्रमुख तिलक परियारले नगद तथा प्रमाणपत्रले सम्मान गरेका थिए ।

महासंघको अधिवेशन तथा साधारणसभा उद्घाटन गर्दै कर्णाली प्रदेश प्रमुख तिलक परियारले पत्रकारहरु राष्ट्रको सच्चा पहरेदार रहेको बताए । 'राष्ट्रलाई वा जनतालाई कुनै समस्या आएको खण्डमा पत्रकारहरुले नै खबरदारी गर्नुपर्छ, पत्रकारहरु मुलुकको सच्चा सेवक र पहरेदार हुन्,' उनले भने ।

मुलुकमा आएको परिवर्तनलाई दुरुपयोगलाई रोक्न पत्रकारहरुको निरन्तर खबरदारी गर्नुपर्ने प्रदेश प्रमुख परियारको भनाई छ । साधारण सभाले १० बुँदे गढी घोषणा पत्रसमेत जारी गरेको छ ।

वीरेन्द्रनगर नगरपालिकाका उपप्रमुख नीलकण्ठ खनालले लोकतन्त्र र संघीयतामाथी भइरहेका टिप्पणीको विश्लेषण गर्दै कलमका माध्यमबाट यसको रक्षा

बाँकी ३ पेजमा

## डढेलो बस्तीमा सल्किँदा तीन घरगोठ जलेर नष्ट



**युग संवाददाता**
**सल्यान, ८ वैशाख ।**

वनमा लागेको डढेलो बस्तीमा सल्किँदा सल्यानमा तीन घरगोठ जलेर नष्ट भएका छन् । आगो निभाउने क्रममा एक जना बेहोस् भएका छन् । बन्गाड कुपिण्डे नगरपालिका-५ च्युराका अन्दाजी वर्ष ३५ का दलजित बुढाथोकी आगो निभाउनेक्रममा बेहोस् भएका हुन् ।

बनगाड कुपिण्डे नगरपालिका-१ बेलखोलाको एक सामुदायिक वनमा लागेको डढेलो फैलिँदै जाँदा च्युराका बुद्धिसिंह बिष्ट लगायत अन्य दुई जनाको घर गोठ जलेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी नायव उपरीक्षक नविन कार्कीका अनुसार घरका लागेको आगो निभाउने क्रममा धुँवाका कारण बेहोस् भएका थिए । आगोको ज्वालाले उनको अनुहारमा पनि सामान्य जलेको थियो ।

स्वास्थ्य चौकी च्युरामा अहिले उपचार गराइरहेका बुढाथोकी होसमा आएका र उनी खतरामुक्त रहेका प्रहरीले जनाएको छ । दुई घर र एक गोठमा भएको क्षतिको विवरण भने आउन बाँकी रहेको छ ।

डिपेन्डेन भिसा

सजिलोसँग स्टुडेन्टसँग डिपेन्डेन भिसामा अष्ट्रेलिया, क्यानडा, युरोप, युके जानको लागि आवश्यक परेमा हामीलाई तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.: ९७६९७७२९४४, ९७६९७७२९२३






पालिका विशेष

# पर्यटनको प्रचुर सम्भावना बोकेको शे फोक्सुण्डो



हिक्मतबहादुर नेपाली





कर्णालीका १० जिल्लामध्ये एक हो, डोल्पा। डोल्पो संस्कृती र धार्मिक सम्पदाहरु प्राचीन गुम्बा, स्मारक, मूर्ती, स्तुपा पर्यटकीय दृष्टिले महत्वपूर्ण मानिन्छन्। नेपालको सबैभन्दा ठूलो जिल्लामा रुपमा परिचित ऐतिहाँसिक पृष्ठभूमि बोकेको डोल्पामा रहेका स्थानीय तहमध्ये पर्छ शे फोक्सुण्डो गाउँपालिका।

शे-फोक्सुण्डो नेपालको एक सुन्दर पर्यटकीय नगरी हो। मुलुक संघीय संरचनामा गएपछि साविकका साल्दाङ, भिजेर र फोक्सुण्डो गाविसलाई गाभेर शे फोक्सुण्डो गाउँपालिका बन्यो। ऐतिहाँसिक, धार्मिक, तथा पर्यटकीय पृष्ठभुमिसंग जोडिएको यो गाउँपालिकाको नामाकरण साल्दाङ भूभागस्थित ऐतिहाँसिक तथा धार्मिक स्थल शे गुम्बा र फोक्सुण्डो रिग्मो गाउँस्थित पर्यटकीय स्थल शे फोक्सुण्डो तालको नामबाट गरिएको छ।

उच्च हिमाली क्षेत्रमा पर्ने शे फोक्सुण्डोको सम्पूर्ण भू-भाग हिमाल, डाँडापाखा र समथर घाँसे मैदान छन्। शे फोक्सुण्डो राष्ट्रिय निकुञ्जको मध्यवत्ति क्षेत्रमा पर्ने केही भूभागमा पहाडी क्षेत्रको विशेषता रहे पनि अधिकांश क्षेत्रहरु उच्च हिमाल र सुख्खा क्षेत्र हुन्।

नेपाल संघीयतामा प्रवेश गरेसँगै स्थानीय तहहरू घर-आँगनको सिंहदरबारमा रूपान्तरित भए। संघीयतापछि दोस्रो पटकको स्थानीय तह निर्वाचनबाट गाउँपालिकाको अध्यक्षमा धावा सम्डुक गुरुङ र उपाध्यक्षमा पेम्मा वाङछेन गुरुङ निर्वाचित भएका छन्।

गाउँपालिकामा निर्वाचित जनप्रतिनीधिले मुलतः नागरिकको जीवनस्तर उकास्ने, स्थानीय सेवा प्रवाहलाई चुस्त र दुरुस्त तुल्याउने, स्थानीय सुशासन अभिवृद्धि गर्ने तथा स्थानीय आर्थिक विकासका लागि योजनाबद्ध कार्यक्रमहरु अघि सारेका छन्।

सोहि अनुसारका नीति छन्। उच्च हिमाल क्षेत्रमा रहेको शे फोक्सुण्डोका केहि चुनौती र केहि अवसर छन्। विशेषत् सम्भावनाको खानी नै छ। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुमन ढकाल भन्छन् 'शे फोक्सुण्डोको प्रमुख सम्भावना भनेकै पर्यटन, चौरी पकेट क्षेत्र (चीज र छुर्पी उद्योग), च्याङग्रा पजेट क्षेत्र र भेडा पकेट क्षेत्र हो।' शे फोक्सुण्डो गाउँपालिकामा सिमेना र म्युजिक भिडियो छायांकनका लागि उपयुक्त प्राकृतिक सौदर्यता रहेको ढकाल बताउँछन्।

**पर्यटनको प्रचुर सम्भावना**

चीनको स्वशासीत क्षेत्र तिब्बतको भू-भागसँग सिमा जोडिएको शे फोक्सुण्डोले पर्यटनको प्रचुर सम्भावना बोकेको छ। प्रशिद्ध फोक्सुण्डो ताल नेपालकै मूख्य पर्यटकीय गन्तव्यको रुपमा चिनिदै आएको छ।

यसका अलावा फोक्सुण्डो झरना, चारताल, प्रशिद्ध प्राचिन शेल गुम्बा, रिवो वुम्पा गुम्बा, चाखाङ गुम्बा, शे साम्लिङ गुम्बा, याङजेर गुम्बा, रापमार नाम्सुम लगायत विभिन्न प्राचिन गुम्बा, स्मारक र मुर्तिहरू एवं घङ चेन्रल्वा, घङ् नोर्बु, घङ् ताइका, शे ला, छोया ला, काङ्ग ला लगायतका सुन्दर हिमालहरू शे फोक्सुण्डोमै छन्।

प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाहरूको दर्शन, अवलोकन, भ्रमणका लागि पर्यटकहरू आकर्षित हुने क्रम बढ्दो छ। गाउँपालिकाको पञ्चवर्षिय आवधिक योजनाले नै स्थानीय समृद्धिको आधारको रुपमा पर्यटनको दीगो विकासको सोच अघि सारेको छ।

गाउँपालिकाले दिगो पर्यटन विकासबाट उत्पादन र रोजगारीमा बृद्धि गरि गाउँपालिकाको अर्थतन्त्र सुदृढ गने लक्ष्य लिएको गाउँपालिकाले जनाएको छ। पर्यटनमार्फत जनताको आय र रोजगारीमा बृद्धि गर्ने उद्देश्य गाउँपालिले आवधिक योजनामा राखेको छ।

विशेषगरी लामो समयको लागि प्याकेजिङमा भ्रमण गर्न आउने विदेशी पर्यटकहरू पोखराबाट मुस्ताङ प्रवेश गरी मुस्ताङको मुक्तिनाथ, ल्होमान्थाङ डोल्पाको फोक्सुण्डो ताल, शेल गुम्बा हुँदै मुगुको रारा ताल एकै पटक भ्रमण गर्न चाहने हुँदा उनीहरूका लागि फोक्सुण्डो तालबाट शे ला (पास)-शेल गुम्बा- फोत गाउँ-मुगु छायाँनाथ-रारा ताल जोड्ने मार्ग लागि मूख्य पदमार्ग हो।

यो पदमार्गलाई थप व्यवस्थित र सुविधायुक्त बनाई पर्यटन प्रवर्द्धन र विकास गर्न शे फोक्सुण्डोका विभिन्न योजना अघि सारेको छ। फोक्सुण्डो ताल शे पास हुँदै शे गुम्बासम्म पर्यटन पदमार्ग निर्माण र शे गुम्बा फोत गाउँ हुँदै मुगु छायाँनाथ रारा जोड्ने पदमार्ग निर्माण लगायतका योजना निर्माणको पहल गरिरहेको छ। यी पदमार्ग मुख्य पर्यटकीय पदमार्ग भएकाले सुविधायुक्त व्यवस्थित पर्यटन पदमार्गको रुपमा विकास गर्नु जरुरी रहेको गाउँपालिकाले जनाएको छ।

**५० प्रतिशत घरधुरीमा विद्युतीकरण**

शे-फोक्सुण्डोमा अहिलेसम्म राष्ट्रिय प्रसारण लाइनको बिजुली पुग्न सकेको छैन्। गाउँपालिकाभित्र दुई स्थानमा लघ्यु जलविद्युत निर्माण भएका थिए। तर, दुई वटै लघ्यु जलविद्युत बिग्रिएका कारण विद्युत उत्पादन हुन सकेको छैन्।



तत्कालै राष्ट्रिय प्रशारण लाइनको बिजुली पुग्ने सम्भावना पनि छैन्। गाउँपालिकाले सौर्य मिनिग्रेट र सोलार वितरण गरेर ५० प्रतिशत घरधुरीमा विद्युतीकरण गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ढकाल बताउँछन्।

गाउँपालिकाको प्रथम पञ्चवर्षिय आवधिक योजनाले विद्युतको राष्ट्रिय प्रशारण लाइन नपुगेको र सम्भाव्यता नभएका क्षेत्रमा नविकरणीय उर्जाको माध्यमबाट विद्युतीकरण गर्ने र नवीकरणीय उर्जाको स्रोतलाई उत्पादन वृद्धि र व्यवसायिक उर्जाको रुपमा विकास गर्ने रणनीति लिएको छ।

**'कु गाउँ' मा सौर्य मिनिग्रेट**

नेपालको सबैभन्दा पछि पत्ता लागेको गाउँ हो उपल्पो डोल्पामा पर्ने हिमाल पारि रहेको 'कु गाउँ'। शे फोक्सुण्डो गाउँपालिका-७ स्थित रहेको कु गाउँ सदरमुकाम दुनैबाट करिव १ हप्ता भन्दा बढि समय लाग्छ। राज्यको पहुँचबाट निकै टाढा रहेको यो गाउँमा झण्डै ३८ घरधुरी छन्।

गाउँपालिकास्थापना भएपनि यो गाउँका नागरिकले गत असोजमा पहिलो पटक गाउँपालिकाको हाकिमलाई आफ्नै गाउँमा पुगेको देखे। यो गाउँमा सौर्य मिनिग्रेट निर्माण गरेर ३८ घरधुरीमा विद्युतीकरण गर्ने पहल थालिएको छ। प्रमुख प्रशासकीय अधिकृत ढकाल भन्छन् 'कु गाउँमा सौर्य मिनिग्रेट निर्माण गर्न वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्रमा पहल भईरहेको छ।'



**मुकारुङ्मा याकको चिज**

शे फोक्सुण्डो गाउँपालिका-५ मुक्पोरोङस्थित याकको चिज उद्योग छ। मुक्पोरोङ याक चीज उद्योग प्रर्बद्धन कार्यक्रम अन्तर्गत याकको दुधबाट चीज र छुप्री उत्पादन भईरहेको छ। उच्च हिमाली क्षेत्र समृद्धि कार्यक्रममार्फत उक्त उद्योग स्थापना गरि सञ्चालनमा ल्याईएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ढकालले बताए।

उनका अनुसार यहाँ याकक्ाु दुधबाट चीज र छुप्री उत्पादन ब्राण्डिङ र बजारिकरण भईरहेको छ। स्थानीयस्तरमा बिक्री कम हुने भएकोले चीज र छुप्री बिक्रीका लागि सिधै काठमाडौं पुऱ्याईन्छ। 'उद्योगमा एउटामात्रै भवन छ, थप भवन गरि व्यवसायिक चौंरी पालन व्यवसायमा सहयोग गर्नुपर्ने अवस्था छ,' उनले भने।

**आवासिय विद्यालय सञ्चालन**

शे फोक्सुण्डो गाउँपालिकाले गाउँपालिकाभित्र दुई स्थानमा आवासिय विद्यालय सञ्चालन गरिरहेको छ। वडा नम्बर ८ मा रहेको तापेरीजा मावी र वडा नम्बर ५ मा रहेको मुक्पोरोङ आधारभुत विद्यालयमा आवासिय विद्यालय कार्यान्वयनमा छ। तापेरीजा मावी उच्च हिमाली क्षेत्रको नमूना विद्यालय समेत हो।

तल्लो डोल्पाबाट पनि अध्ययनका लागि आउने उक्त विद्यालयमा झण्डै दुई सय विद्यार्थी अध्ययनरत छन्। जहाँ विद्यार्थी र शिक्षकलाई आवासिय रुपमा बस्ने र पठनपाठन हुन्छ। आवासिय विद्यालय चलेको मुक्पोरोङ आधारभुत विद्यालयमा झण्डै ९० बढि विद्यार्थी अध्ययनरत रहेको गाउँपालिकाले जनाएको छ।

इन्टरनेट र टेलिकमको टावर

शे फोक्सुण्डो गाउँपालिकाको अधिकाँश क्षेत्रमा अहिले पनि नेटवर्कको सुविधा पुगिसकेको छैन्। स्थानीयहरु वो केटोकेको भरमा सूचना आदानप्रदान गर्छन्। इन्टरनेट र टेलिफोन सुविधा नभएको स्थानका नागरिकहरु अहिले पनि ५० कै दशकको जीवनयापन गर्न बाध्य छन्। अब भने गाउँपालिकाले इन्टरनेट सुविधा विस्तारको पहल गरिरहेको छ। गाउँपालिकाले इन्टरनेटको सुविधा विस्तारसँगै नेपाल टेलिकमको टावर राख्नका लागि पहल गरिरहेको छ।

**पाँच शैयाको अस्पताल बन्दै**

शे फोक्सुण्डो गाउँपालिकामा हाल तीन वटा स्वास्थ्य चौकी सञ्चालनमा छन्। गाउँपालिकाले थप तीन वटा आधारभुत स्वास्थ्य केन्द्र सञ्चालनको तयारी गरिरहेको छ। सरकारले घोषण गरे अनुसार फोक्सुण्डो गाउँपालिकामा पनि पाँच शैयाको अस्पताल निर्माणको चरणमा छ। गाउँपालिकाका अनुसार हाल पाँच शैयाको अस्पताल निर्माणका लागि टेन्डर प्रक्रिया अघि बढाईएको छ।

**उत्तिकै छन् समस्या**

शे फोक्सुण्डो गाउँपालिकामा सडक संजाल जोडिएको छैन्। जसका कारण खरिद भन्दा बढी ढुवानीको मूल्य पर्न जान्छ। विकास आयोजनाका लागि निर्माण सामग्रीहरू मानिस र खच्चडबाट ढुवानी हुने गरेको छ।

कतिपय सामान हेलिकप्टरबाट ढुवानी गर्दा खरिदको भन्दा २/३ गुणा बढी खर्च हुने गरेको छ। हिउँदको समयमा हिमपातले निर्माणका कामहरु गर्न सकिदैन्। वनजंगल नहुँदा काठ सामग्री धेरै टाढाबाट ल्याउनुपर्ने बाध्यता छ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ढकालले शे फोक्सुण्डो गाउँपालिका जस्तो उच्च हिमाली क्षेत्रका स्थानिय तहहरूको लागि (ताप्लेजुङ देखि दार्चुलासम्मका सबै) आर्थिक बर्ष पौषदेखि मंसिर मसान्त कायम भएको भए काम गर्न सहज हुने बताउँछन्।

'उच्च हिमाली क्षेत्रको स्थानीय तहमा काम हुने भनेको वैशाखदेखि मंसिर महिनामा हो, असारमा काम सकिन्न, बजेट सबै फ्रीज जान्छ,' ढकालले भने।

---

## विदेश

# एआईको अनवरत वृद्धिले पत्रकारहरूलाई कठिन छनौंट प्रदान

**पेरुगिया (इटाली), ८ वैशाख (रासस/एएफपी)।**

आर्टिफिसियल इन्टेलिजेन्स (कृत्रिम बौद्धिकता वा एआई) को वृद्धिले बढ्दो सङ्ख्यामा पत्रकारहरूलाई द्रुत रूपमा विस्तार हुँदै गएको र प्रविधिबाट उत्पन्न हुने नैतिक र सम्पादकीय चुनौतीहरूको सामना गर्न बाध्य पारेको छ। इटालेली सहर पेरुगियामा भएको अन्तर्राष्ट्रिय पत्रकारिता महोत्सवमा उठेका प्रश्नहरूमध्ये न्युजरुमलाई सहयोग गर्न वा तिनीहरूलाई पूर्णरूपमा रूपान्तरण गर्न एआईकोभूमिका रहेको थियो।

**एआईको वृद्धिले जागिरलाई कस्तो असर पर्ला?**

मानव बौद्धिकताको नक्कल गर्ने एआई उपकरणहरू विश्वभरका न्यूजरूमहरूमा ध्वनि फाइलहरू ट्रान्सक्राइब गर्न, पाठहरू संक्षेप गर्न र अनुवाद गर्न व्यापकरूपमा प्रयोग गरिन्छ। सन् २०२३ को प्रारम्भमा जर्मनीको एक्सेल स्प्रिङ्गर समूहले बिल्ड र डाइ वेल्ट अखबारहरूमा जागिरहरू कटौती गरिरहेको घोषणा गरेको र एआईले अब आफ्ना केही पत्रकारहरूलाई प्रतिस्थापन गर्न सक्ने जनाएको छ।

जेनेरेटिभ एआईले दैनिक भाषामा साधारण अनुरोध पछ्याएर पाठ र छविहरू उत्पादन गर्न डेढ वर्षदेखि नयाँ सीमाहरू खोल्दै र चिन्ता बढाउँदै आएको छ। आवाज र अनुहार अब पोडकास्ट उत्पादन गर्न वा टेलिभिजनमा समाचार प्रस्तुत गर्न क्लोन गर्न सकिन्छ। गत वर्ष फिलिपिनो वेबसाइट र्‍याप्लरले आफ्ना लामा लेखहरूलाई कमिक्स, ग्राफिक्स र भिडियोहरूमा रूपान्तरण गरेर युवा दर्शकहरूलाई लक्षित गरी ब्रान्ड सिर्जना गरेको थियो।

मिडियाकर्मीहरू व्यापारमा सबैभन्दा ठूलो थप मूल्य प्रस्ताव गर्ने कार्यहरूमा केन्द्रित हुनुपर्नेमा सहमत भएका छन्। 'तपाईं नै वास्तविक सामानहरू गर्ने व्यक्ति हुनुहुन्छ र हामीले उत्पादन गर्ने उपकरणहरू तपाईंका लागि सहायक हुनेछन्', गुगल समाचारका महाप्रबन्धक शैलश प्रकाशले पेरुगिया महोत्सवमा भने।

---

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

---

## आजको राशिफल

| | |
|---|---|
| मेष | आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। परिवारजनको साथले नयाँ आशा पलाउनेछ। नयाँ कार्यको योजना बन्नेछ। |
| वृष | आज आफूलाई कमजोर भएको अनुभूति हुनेछ। रिस, आवेग र क्रोधलाई नियन्त्रणमा राखी काम गर्दा राम्रो प्रतिफल पाइने समय छ। |
| मिथुन | आज चिताएको कामले तीव्रता लिनेछ। सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ। परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ। |
| कर्कट | आज अधुरो वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। लगनशीलताले रोकिएका कामहरू अगाडि बढ्नेछन्। विश्वास गरेकाले साथ दिनेछन्। |
| सिंह | बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ। अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइनेछ। |
| कन्या | विचार पुर्याएर निर्णय लिनु राम्रो होला। मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ। दाम्पत्य जीवनमा एक किसिमको निराशा आउन सक्छ। |
| तुला | आज बन्दव्यापार र पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ। कुनै न कुनै कुराले मनमा शान्ति र खुसियाली मिल्नेछ। |
| वृश्चिक | आज दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। स्वादिष्ट भोजन पाइनेछ। शुभकार्यको चर्चा चल्नेछ। परिवारमा सुख सन्तोष पनि छाउनेछ। |
| धनु | लामो समयदेखि रोकिएका अधुरा कामहरू पुरा हुनेछन्। रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ। |
| मकर | लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। मानसम्मान पनि पाइन सक्छ। |
| कुम्भ | रोकिएका काम पुनः सुरु हुन सक्छन्। जग्गाजमिनको कारोबारबाट राम्रो फाइदा हुनेछ। जटिल ठानिएको कामसमेत सम्पादन हुनसक्छ। |
| मीन | आजको दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो। पारिवारिक साथ, सुख मिल्नुका साथै खुसीको खबर सुन्न पनि पाउनु हुनेछ। |

# नेतृ खड्काको विद्रोहले एमालेमा स्थापित भएको महिला सहभागिता

**युग संवाददाता**
**सुर्खेत, ८ वैशाख ।**

नेकपा एमालेले आइतबारदेखि ललितपुरको गोदावरीमा पार्टीको दशौँ महाधिवेशनमा सहभागी महाधिवेशन प्रतिनिधिको राष्ट्रिय भेला आयोजना गरेको छ। एमालेले पार्टी स्थापनाको ७५ वर्ष प्रवेशका अवसरमा ९ वैशाखलाई विशेष समारोहका रूपमा मनाउने गरी महाधिवेशन प्रतिनिधि परिषद् बैठक बोलाउने निर्णय गरेको थियो।

देशभरबाट करिब २३ सय महाधिवेशन प्रतिनिधि सहभागी रहने भेला २०६८ पुसमा चितवनमा भएको नवौं महाधिवेशनपछि एमालेले गर्न लागेको यो ठूलो भेला हो। भेलामा समसायिक राजनीतिक परिवेश तथा सांगठनिक प्रतिवेदन उपर छलफल हुने जनाइएको छ।

उक्त भेलामा एमालेको विद्यानमा अनिवार्य नभएको महिला सहभागिताको विषय एजेण्डाका रुपमा प्रवेश गर्दैछ। पार्टीका माथिल्ला कमिटीदेखि जिल्लातहका कमिटीमा महिलाको ३३ प्रतिशत सहमागिता सुनिश्चित गरेको एमालेको विद्यानले पदाधिकारीमा भने अनिर्वाय व्यवस्था नगर्दा महिलाहरु अवसरबाट बञ्चित हुनुपुरेको भन्दै संशोधनको आवाज उठिरहेको छ।



एमालेको पार्टी विद्यानको धारा-१६ मा राष्ट्रिय महाधिवेशनले अध्यक्ष एक, बरिष्ठ उपाध्यक्ष एक, उपाध्यक्ष चार, महासचिव एक, उपमहासचिव एक, सचिव सातसमेत गरी दुई सय २५ सदस्यीय केन्द्रीय कमिटी निर्वाचन गर्ने व्यवस्था गरेको छ।

केन्द्रीय कमिटीमा प्रदेश अध्यक्षहरू पदेन सदस्य हुने व्यवस्था छ। त्यस्तै विद्यानको धारा २९ मा प्रदेश अधिवेशनबाट अध्यक्ष एक, उपाध्यक्ष एक, सचिव एक, उपसचिव दुईसमेत गरी प्रदेश कमिटीको निर्वाचित हुने आधार संख्या ५० तोकेको छ।

प्रदेश मातहतका जिल्ला कमिटीका अध्यक्ष प्रदेश कमिटीका पदेन सदस्य हुने विद्यानमा उल्लेख छ। यो संख्यामा प्रदेश अन्तर्गतका प्रतिनिधिसभाको निर्वाचन क्षेत्र बराबर पाँचका दरले कायम हुने संख्या थप गर्न सकिने गरी विद्यान बनाइएको छ।

काठमाडौं उपत्यकाका हकमा विशेष कमिटीको हकमा आधार संख्याको अतिरिक्त विशेष जिल्ला कमिटी बराबर पाँचका दरले कायम हुने संख्या थप गर्न सकिने प्रष्ट व्यवस्था गरेको छ। एमालेको केन्द्रदेखि प्रदेश हुँदै जिल्ला कमिटीमा एक तिहाई महिला प्रतिविम्बित हुनेगरी समावेशीकरण गरिने विद्यानले बोल्छ। तर, विद्यानले बोले अनुसार सदस्यमा महिला सहभागिताको व्यवस्था गरेपनि पदाधिकारीका लागि कहिकतै अनिवार्य महिला सहभागिताको सुनिश्चितता भने गरेको छैन।

**कर्णालीबाट उठेको समावेशितको त्यो आवाज**

जसको साइड इफेक्ट १०-१५ असोज २०८० मा सम्पन्न एमाले कर्णाली प्रदेश प्रथम अधिवेशनमा परिसकेको छ। नयाँ प्रदेश कमिटी चयन गर्न भएको निर्वाचनमा पाँचै जना पदाधिकारी पुरुष आएपछि उत्पन्न भएको विवाद पार्टी केन्द्रसम्म पुगेर सुल्भिएको थियो।

पदाधिकारी चयनमा निर्वाचन मण्डलले समावेशिताको सवाललाई बिर्सदा अधिवेशनबाट उपसचिव पदमा निर्वाचित भएका रमेशकुमार शाही बर्खास्तीमा परेका थिए। सुरुमा सर्वसम्वत कमिटी बनाउन गरिएको प्रयास असफल भएपछि अधिवेशन चुनावमा गएको थियो।

सर्वसम्वत सहमतिको प्रयास असफल बनेपछि दुई खेमामा विभाजित हुँदा गुलावजंग शाहको टिमले पदाधिकारीमा महिलालाई अगाडि सारेन। अध्यक्षका अर्का प्रत्यासी मीनबहादुर शाहीको टिमबाट उपसचिव पदका लागि दुई महिला उम्मेदवार थिए।

उपसचिव पदका लागि उम्मेदवार बनेका नौमध्ये दुई जना महिला सुर्खेतकी पद्मा खड्का र जुम्लाकी मेनका पछाईं चुनावी मैदानमा थिए। तीमध्ये सबैभन्दा बढी मत प्राप्त गर्ने दैलेखका रवीन्द्रराज शर्मा र कालीकोटका रमेशकुमार शाहीलाई निर्वाचन कमिटीले विजयी घोषणा गरेको थियो।

उपसचिवका उम्मेदवारमध्ये पुरुषतर्फ सबैभन्दा बढी मत शर्मापछि शाहीले प्राप्त गरेका थिए, भने महिलामा खड्काले सबैभन्दा बढी मत प्राप्त गरेकी थिइन्। अध्यक्ष मण्डलले तयार पारेर दिएको पदसंख्या र निर्वाचित हुने समूह (क्लस्टर) अनुसार निर्वाचन कमिटीले सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारलाई निर्वाचित भएको घोषणा गरेपछि विवाद सुरु भएको थियो।

यसरी हेर्दा अध्यक्ष मण्डलले उपसचिव पदका लागि समावेशी कोटा नतोकेरै तयार पारेको कलस्टर विवाद झण्डै चार महिनासम्म चल्यो। ३३ प्रतिशत कमिटीमा महिला सहभागिता अनिवार्य भनिएको भएपनि प्रदेशको पदाधिकारी चयनमा पाँचैजना पुरुष परेपछि उपसचिवमा महिलातर्फ धेरै मत ल्याएकी पद्मा खड्का उजुरी लिएर पार्टी केन्द्रसम्म पुगेकी थिइन।

उतिबेला कलस्टर विभाजन गरेर सूचना टासेको तीन घण्टापछि निर्वाचन मण्डलले पुनः खुला कलस्टर बनाएर निर्वाचन सूचि सार्वजनिक गर्नु मै त्रुटि रहेको भन्दै खड्काले पार्टी केन्द्रमा उजुरी गरेकी थिइन। खड्काले अनिवार्य महिला सहभागिताको आवाज उठाएपछि सबै प्रदेशमा एक जना महिला पदाधिकारीमा अनिवार्य आएको अवस्थामामा कर्णालीलाई मात्र किन बाँकी राख्ने भन्दै पार्टीको केन्द्रीय कमिटीमा छलफल भएको थियो।

१९ मंसिरमा बसेको एमाले केन्द्रीय कमिटीको बैठकले प्रदेश कमिटीको पदाधिकारीमा महिला अनिवार्य गराउन अन्तर पार्टी निर्देशन दिएपछि खड्काले गरेको विद्रोह सफल बनेको थियो। उति बेला यो विषयलाई माथिल्लो कमिटीसम्म पुऱ्याउन साहस राखेकै कारण सिङ्गो पार्टीमा अनिवार्य महिला सहमागिताको एजेण्डा स्थापित खड्का सफल भएकी थिइन।

'मंसिर १९ गते सातै वटा प्रदेशका पदाधिकारीको बैठक र पार्टी अध्यक्ष र महासचिवसहितको केन्द्रीय कमिटीको बैठकमा कर्णालीको विषय उठेको थियो,' खड्का भन्छिन्, 'कर्णालीको समस्याले आगामी दिनमा आउने जिल्ला अधिवेशनमा समावेशिता भन्ने तर अनिवार्य नबनाउने पद्धतिले झन ठुलो विवाद सिर्जना हुने परिस्थीतिको अन्त्यका लागि साझा सहमतीका बिच अनिवार्य महिला सहभागिताका गराउन अन्तर पार्टी निर्देशन जारी भएको हो।'

कर्णालीबाट खड्काले उठाएको आवाजकै कारण देशभर चलिरहेको एमाले जिल्ला अधिवेशनबाट ३३ प्रतिशतभन्दा बढी महिलाहरु पदाधिकारीमा आएका छन्। विद्यानले अनिवार्य नगरेको महिला सहभागिताको विषय कर्णालीका कारण महाधिवेशन प्रतिनिधि भेलामा एजेण्डा बनेर संशोधनसम्मको प्रक्रियामा पुग्नु नै सिङ्गो एमालेभित्र महिलाको जित भएको खड्का बताउँछिन्। भेलामा आफूले यो विषयलाई सशक्त उठाउने उनले बताइन।

'समावेशीको कुरा मात्र नभई समानता, सह अस्तित्वसँगै सहयात्रा गर्दा पदाधिकारी एउटाको मात्रै त विषय होइन नि ?' खड्का भन्छिन्, 'अब समान सहभागिताको कुरातर्फ लाग्नु पर्ने होइन त हामी महिलाहरु ?, सँगसँगै चेतनाको स्तर बृद्धिसँगै समान सहभागिताको लडाईंमा हामी महिलाहरु अगाडि बढन आवश्यक छ, र त्यो सुरु पनि भइसकेको छ।'

# कर्णालीमा चालु आवको २५ प्रतिशत मात्रै बजेट खर्च

**राष्ट्रिय समाचार समिति**
**सुर्खेत, ८ वैशाख ।**

प्रदेश संरचना बनेको सात वर्षमा कर्णाली प्रदेशमा पाँच वटा सरकार बनेका छन्। पहिलो कार्यकालमा महेन्द्रबहादुर शाही नेतृत्वमा दुई र जीवन शाही नेतृत्वमा एउटा सरकार बनेको थियो भने दोस्रो कार्यकालमा राजकुमार शर्मापछि भर्खरै यामलाल कँडेलले सरकारको नेतृत्व सम्हालेका छन्।

सरकारको नेतृत्व गरेका चारैजना मुख्यमन्त्रीले सङ्घले दिएको बजेट कर्णालीको विकासका लागि अपर्याप्त भएको भन्दै आएका छन्। प्रदेशलाई प्राप्त बजेट पनि पर्याप्त खर्च भने हुन सकेको छैन। चालु आर्थिक वर्षमा पनि प्रदेश सरकारको बजेट कार्यान्वयनको गति सुस्त देखिएको छ। चालु आव सकिन तीन महिनामात्र बाँकी रहँदा प्रदेश सरकारको समग्र बजेट कार्यान्वयन भने २५ प्रतिशतमात्रै छ।

प्रदेश लेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार चैत मसान्तसम्म २५.६६ प्रतिशत अर्थात् रु आठ अर्ब ५७ करोड मात्रै प्रदेश सरकारले खर्च गरेको छ। चालुतर्फ ३४.५८ अर्थात् चार अर्ब ८३ करोड १९ लाख र पुँजीगततर्फ १९.०८ प्रतिशत अर्थात् तीन अर्ब ७३ करोड ५१ लाख खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ।

प्रदेश सरकारले चालु आवका लागि ३३ अर्ब ३७ करोड ९७ लाखको बजेट ल्याएको थियो। तीन महिनामा २४ अर्ब ८३ करोड ६७ लाख खर्च गर्नुपर्ने दायित्व प्रदेश सरकारसँग छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित आठ वटा मन्त्रालय रहेको कर्णालीमा सबै मन्त्रालयको विकास बजेट खर्च निराशाजनक देखिएको कामु लेखा नियन्त्रक दीपेन्द्र मगरातिले जानकारी दिए। उनका अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले चैत मसान्तसम्म पुँजीगत बजेट ४.६९ प्रतिशत र चालुतर्फ २०.९३ प्रतिशत कार्यान्वयन गरेको छ भने अर्थ मन्त्रालयले पुँजीगततर्फ ३६.४३ प्रतिशत र चालुतर्फ ४६.३८ प्रतिशत खर्च गरेको छ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयले पुँजीगततर्फ १८.८२ र चालुतर्फ ३२.८१ प्रतिशत, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालयले पुँजीगततर्फ १४.२९ र चालुतर्फ ४१.८८ प्रतिशत, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयले पुँजीगततर्फ १९.९७ र चालुतर्फ ४४.९९ प्रतिशत, सामाजिक विकास मन्त्रालयले पुँजीगततर्फ ३०.५६ र चालुतर्फ ४७.६१ प्रतिशत, भूमि, व्यवस्था, कृषि तथा सहकारी विकास मन्त्रालयले सोही अवधिमा पुँजीगततर्फ ३७.२७ र चालुतर्फ २८.४९ प्रतिशत बजेट कार्यान्वयन गरेको कामु लेखा नियन्त्रक मगरातिले जानकारी दिए। विगतका वर्षमा समेत कर्णाली प्रदेश सरकारको बजेट कार्यान्वयन क्षमता सधै कमजोर देखिएको भन्दै सात वर्षमा वार्षिक बजेट कार्यान्वयनको खर्च प्रतिशत सबैभन्दा बढी गत आवमा ६७.५६ रहेको उनको भनाइ छ। आर्थिक वर्षका अन्तिम महिनामा बजेट खर्च ह्वात्तै बढ्ने प्रवृत्ति पनि कर्णालीमा कायमै देखिएको कामु लेखा नियन्त्रक मगरातिले बताए।

गत वर्ष जेठ मसान्तसम्म ४० प्रतिशत खर्च गरेकामा असारमा मात्रै २७ प्रतिशत बजेट खर्च गरेको थियो। बजेट खर्च नहुनुका पछाडि कर्मचारी अभावलाई प्रदेश सरकारले देखाउँदै आएको छ। अन्य सरोकारवालाले भने योजना निर्माणमै त्रुटि रहेकाले प्रदेश सरकार बजेट कार्यान्वयनमा विफल रहेको बताउने गरेका छन्।

गत आवको बजेट तत्कालीन मुख्यमन्त्री जीवनबहादुर शाहीको सरकारले ल्याएको थियो भने त्यसलाई आधा कार्यान्वयनपछि बाँकी बजेट खर्चको जिम्मेवारी राजकुमार शर्माको काँधमा आएको थियो। चालु आवको बजेट पूर्वमुख्यमन्त्री शर्मा नेतृत्वको सरकारले ल्याएको हो। शर्मा नेतृत्वको सरकार पनि परिवर्तन भएर हाल यामलाल कँडेल मुख्यमन्त्री रहेका छन्।

राजनीतिक अस्थिरताले पनि बजेट कार्यान्वयन हुन नसकेको विश्लेषकहरु बताउँछन्। नवनियुक्त मुख्यमन्त्री कँडेलले प्रदेशसभामा गर्नुभएको पहिलो सम्बोधनका क्रममा पनि बजेट कार्यान्वयन सन्तोषजनक नभएको बताएका थिए। उनले बजेट खर्च बढाउन कार्यान्वयन गर्न सकिने खालका र टुक्रे योजनाबाहेकमा बजेट विनियोजन गर्न प्रदेशसभा सदस्य सहमत हुनुपर्ने औँल्याइएको बताए।

सरकार मातहत रहने कर्मचारीले पनि बजेट कार्यान्वयनमा तदारुकता देखाउनुपर्नेमा मुख्यमन्त्री कँडेलले जोड दिए। मुख्यमन्त्री हुनुअघि पनि उनले सरकारले ल्याएका टुक्रे योजना रोक्नका लागि प्रदेशसभामा अडान लिँदै आएका थिए।

कँडेल आफैँले सरकारको नेतृत्व गरेपछि भने वितरणमुखी योजनामा नियन्त्रण हुने सरोकारवालाले अपेक्षा राखेका छन्। नयाँ बजेट निर्माणका लागि हुने कामहरु सुरु भएपनि मुख्यमन्त्रीले मन्त्रिपरिषद् विस्तार गर्न नसक्दा अधिकांश काम रोकिएका छन्।

**'कर्णाली लगानी सम्मेलन' अन्योलमा**

राजनीतिक अस्थिरताका कारण कर्णालीको लगानी सम्मेलन अन्योलमा परेको छ। प्रदेश सरकारले प्रदेशसभाको पहिलो कार्यकालको सुरुदेखि नै लगानी सम्मेलन गर्ने योजनाअघि सारेको थियो। आर्थिक वर्ष २०७६/७७ देखि नै सरकारले वार्षिक नीति तथा कार्यक्रम र बजेटमै लगानी सम्मेलन गर्ने योजना समावेश गरे पनि सम्मेलन हुन सकेको छैन।

## ब्याग हराएको सूचना

नेपालगञ्जबाट सुर्खेतसम्म आउने क्रममा म रेशम के.सी. को जन्म दर्ता नागरिकता, civil engineer र SEE का डकुमेन्ट, किताब कपीका साथै ग्लोबल आइ.एम.ई. बैकको चेक बुक तथा लत्ता कपडा भएको Nike कम्पनीको कालो रंगको झोला र जेब्रा झोला हराएकाले भेटाउनु हुने महानुभावले मलाई सम्पर्क गरिदिनु होला।

**तपशिल :**
**नाम** : रेशम के.सी.
**ठेगाना** : वीरेन्द्रनगर-६,
**सम्पर्क नम्बर** : ९८६४९९०३५७
**हरायको मिति** : २०८१/१/६ गते
(नोटः भेटाउनु हुने महानुभावलाई उचित पुरस्कारको पनि व्यवस्था गरिनेछ।)

## पत्रकार ...

एवं प्रवर्द्धनमा सहयोग पुऱ्याउन सुझाव दिए। लोकतन्त्रको विकल्प खोज्ने नभई यसको अभ्यास र कार्यान्वयनका क्षेत्रमा देखिएका कमीकमजोरी सच्याएर अगाडि बढ्ने गरी पत्रकारले पृष्ठपोषण दिनुपर्ने उनको भनाइ छ।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य दीपेन्द्र शर्माले पछिल्लो समयमा पत्रकारिता क्षेत्रमा सामाजिक सञ्जाल ठूलो चुनौती बन्दै गएको बताउँदै यसलाई आकर्षण थलो बनाउने गरी अगाडि बढ्नुपर्नेमा जोड दिए। उद्योग वाणिज्य संघ सुर्खेतका अध्यक्ष लक्ष्मण कँडेलले पत्रकारिता क्षेत्रले खेलेको सकारात्मक भूमिकाले नै मुलुकको समृद्धि र विकासमा सहयोग पुगेको बताए।

साधारणसभामा आर्थिक तथा साङ्गठनिक प्रतिवेदन पेस गरिएको थियो। उक्त कार्यक्रममा जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी शङ्करहरि आचार्य, जिल्लास्थित प्रहरी प्रमुख प्रहरी उपरीक्षक रुपेश खड्का, पेसागत सङ्गठनका केन्द्रीय, प्रदेश तथा जिल्लाका पदाधिकारी, महासंघका पूर्वअध्यक्षहरुलगायत करिब एक सयभन्दा बढी पत्रकारको सहभागिता थियो।

## आयोजनालाई ...

नदीमा आएको बाढी र पहिरोले राकमकर्णालीमा ठुलो नोक्सान पुऱ्याउँदा विभिन्न ठेक्का लागेका कार्यक्रम संचालनमा कठिनाई भएको आयोजना उपप्रमुख लामिछाने बताउँछन्।

उनका अनुसार सार्वजनिक जग्गा पर्याप्त मात्रामा नहुँदा जग्गा व्यवस्थापनमा समस्या भएको, आवश्यक जनशक्तिको अभाव, पर्याप्तमात्रामा सवारी साधन नभएको, आयोजना कार्यान्वयन क्षेत्रका स्थानीयले अवरोध सृजना गर्ने लगाएतका समस्या रहेको उनको भनाई छ।

'भौगोलिक रुपमा विकट भएका कारण कर्मचारीहरु बस्न नमान्ने समस्या छ, टेण्डर प्रक्रियामा भाग लिने योजना हात पार्ने र काम नगर्ने पुरानो रोग कायम रहेको कारण काम नहुने र बजेट फ्रिज हुने समस्या छ,' लामिछानेले भने।

आयोजना क्षेत्र कर्णाली नदिको किनारमा छ। नयाँ सहरको रुपमा विकास गर्न लागिएको राकमकर्णाली शहरमा बसेको बस्तीलाई बाढीबाट जोगाउनु नै प्रमुख चुनौती हो। स्थानीयमा सहरीकरणको भावना विकास हुन अझैं सकेको छैन्। जग्गा विकास कार्यक्रमले द्रुत गति लिन पर्नेमा सो अनुसार अघि बढ्न सकेको छैन्। नयाँ सहर क्षेत्रमा विभिन्न सात ठाउँमा प्लान गरे अनुसार जग्गा एकीकरणका कार्यक्रम लागु हुन सकेको छैन्।

# सिम्ता जन्मिएका खत्रीलाई लुम्बिनीमा मन्त्री जिम्मेवारी



**युग संवाददाता**
**बाँके, ८ बैशाख ।**

लुम्विनी प्रदेश सरकारका नवनियुक्त मन्त्री रत्नबहादुर खत्रीको पहिचान ग्रामीण नेताको रहेको छ। तत्कालीन गाउँ विकास समितिका अध्यक्षका छोरा समेत रहेका खत्रीलाई मन्त्री जिम्मेवारी प्राप्त हुँदा स्थानीय खुशी भएका छन्।

करिब डेढ दशकदेखि नेकपा (एमाले) बाँके जिल्ला कमिटीको पदाधिकारीको रुपमा भूमिका निर्वाह गर्दैआउनुभएका खत्री २०४६ मा अनेरास्ववियू बाँकेको जनता माविबाट प्रारम्भिक कमिटीमा रहेर राजनीतिमा प्रवेश गरे।

खत्रीलाई प्रभावशाली बक्ता र जनप्रिय नेताको रुपमा जिल्लाबासीले चिन्ने गरेका छन्। अनेरास्ववियु बाँकेको अध्यक्षदेखि २०६० मा महेन्द्र बहुमुखी क्याम्पसको स्ववियु सभापतिको जिम्मेवारी सफलतापूर्वक निर्वाह गरे। हाल एमाले बाँकेको सचिवको रुपमा क्रियाशील छन्।

४६ बर्षीय खत्रीको जन्म सुर्खेतको सिम्ता गाउँपालिका -१ साविक घोरेटा गाविसको सुन्तलामा बुवा पृथ्वीबहादुर खत्री र आमा टीका खत्रीको कान्छो सन्तानको रुपमा भएको छ। उनका पिता पृथ्वीबहादुर २०५४ सालको स्थानीय निर्वाचनमा एमालेको तर्फबाट साविक घोरेटा गाविसको अध्यक्षमा निर्वाचित भएका थिए।

राजनीतिक परिवारका खत्रीको स्थायी बसोबास हाल बाँकेको खजुरा गाउँपालिका-२ सितापुरमा रहेको छ। २०७९ को निर्वाचनमा बाँके क्षेत्र नम्बर ३ (१) बाट निर्वाचित लुम्विनी प्रदेशसभा सदस्य खत्रीले विना विभागीय मन्त्रीको रुपमा पद तथा गोपनीयताको शपथग्रहण गरे लगत्तै गृह जिल्ला बाँकेमा आयोजित स्वागत तथा सम्मान कार्यक्रममा सहभागी भए। खत्रीलाई गठबन्धनमा भएको सहमतिअनुसार सामाजिक विकासमन्त्रीको रुपमा

बाँकी ४ पेजमा

सूचना, समाचार तथा विज्ञापनका लागिः
०८३-५२१६२७

## चौकुने गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
गुटु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

## बोलपत्र स्वीकृतको आशय पत्र सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मिति : २०८१/०१/०९**

प्रस्तुत विषयमा यस गाउँपालिकाको मिति २०८०/११/०१ र २०८०/१२/०५ गते राष्ट्रिय स्तरमा बोलपत्र आह्वान गरिएको सुचना अनुसार तोकिएको मिति सम्म पर्न आएका बोलपत्रहरुमध्ये तपसिल बमोजीमको बोलपत्रहरुको न्युनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राहि देखिन आएकाले बोलपत्र स्वीकृतिका लागि सिफारिस भएकोमा सार्वजनीक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो ७ (सात) दिने सुचना प्रकाशन गरिएको छ।

तपशिलः

| क्र. स. | योजनाको नाम | ठेक्का नम्बर | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मू.अ.कर बाहेक) | कै. |
|---|---|---|---|---|---|
| १ | Construction of Jaganath Ma Vi School building at Chaukune, 04 Bijaura Surkhet | CRM/NCB/WORKS/12/2080/81 | PS/Ramesh JV Birendragar, 01 Surkhet | २,१३,१९,८९६।७८ | |
| २ | Construction of Office Building at Chaukune Rural Municipality, 06 Gutu Surkhet | CRM/NCB/WORKS/13/2080/81 | Bijaya Construction Birendranagar, 03 Surkhet | ९१,७०,२८३।०९ | |

**सुमन आचार्य**
**(प्रमुख प्रशासकीय अधिकृत)**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

## २६ करोड मात्रै...

कार्यालयको तथ्यांक अनुसार आर्थिक वर्ष २०७४/०७५ मा पाँच करोड ३५ लाख बजेट मध्ये पाँच करोड दुई लाख, आर्थिक वर्ष २०७६/०७७ मा छ करोड ४० लाखमध्ये चार करोड छ लाख, आर्थिक वर्ष २०७७/०७८ मा छ करोड ९५ लाखमध्ये चार करोड ९५ लाख, आर्थिक वर्ष २०७८/०७९ मा १६ करोड २८ लाखमध्ये दुई करोड ४५ लाख रुपैयाँ बजेट खर्च भएको छ।

त्यसैगरी गत आर्थिक वर्ष २०७९/०८० मा १४ करोड १५ लाखमध्ये खर्च आठ करोड १५ लाख रुपैयाँ बजेट खर्च भएको तथ्यांक कार्यालयसँग छ। चालु आर्थिक वर्षमा झण्डै १० करोड बजेट आएको बताउँदै आयोजना उपप्रमुख लामिछानेले चैत्रसम्म तीन करोड बढि खर्च भईसकेको जानकारी दिए। उनका अनुसार निकै कम रकममा ठेक्का हात पार्ने तर विभिन्न कारण देखाई सम्झौता अनुरुप समयमै उक्त कार्य सम्पन्न नहुँदा बजेट फ्रिज हुने गरेको लामिछानेको भनाई छ।

# खजुरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खजुरा, बाँके

## ठेक्का स्विकृति गर्ने आशयको सूचना

**(प्रथम पटक सुचना प्रकाशित मिति: २०८१/०१/०८)**

यस गाउँपालिकाको मिति २०८०/११/२४ गते मध्यान्ह दैनिक राष्ट्रिय पत्रिकामा दोस्रो पटक प्रकाशित सुचना अनुसार सिलबन्दि दरभाउपत्र आह्वान भइ तोकिएको म्याद भित्र सिलबन्दि दरभाउपत्र प्रस्ताव दर्ता गर्ने सप्लायर्सहरु बाट मिति २०८०/१२/०९ मा प्रस्ताव खोली मुल्यांकन गर्दा तपशिल बमोजिमका सिलबन्दि दरभाउपत्र दाताको सिलबन्दि दरभाउपत्र न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम सोहि ऐनको दफा ४७ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिन्छ।

| क.सं. | ठेक्का नं. | ठेकेदारको नाम | योजनाको नाम | भ्याट र पि.एस.सहित कबोल अंक रु. | |
|---|---|---|---|---|---|
| १. | KRM/SQ/ GOODS/ 16/2080-81 | श्री प्रविधि ईन्टरनेशनल ईन्क बुढानिलकण्ठ ९ सुकेधारा काठमाण्डौ | Procurement of Trolley Mounted Suction Tank | रु.१४२९४५०। | |

# खजुरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खजुरा, बाँके

## ठेक्का स्विकृति गर्ने आशयको सूचना

**(प्रथम पटक सुचना प्रकाशित मिति: २०८१/०१/०८)**

यस गाउँपालिकाको मिति २०८०।१२।१५ गते नागरिक दैनिक राष्ट्रिय पत्रिकामा दोस्रो पटक प्रकाशित सुचना अनुसार सिलबन्दि दरभाउपत्र आह्वान भइ तोकिएको म्याद भित्र सिलबन्दि दरभाउपत्र प्रस्ताव दर्ता गर्ने निर्माण कम्पनिहरु बाट मिति २०८०।१२।३० मा प्रस्ताव खोली मुल्यांकन गर्दा तपशिल बमोजिमका सिलबन्दि दरभाउपत्र दाताको सिलबन्दि दरभाउपत्र न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम सोहि ऐनको दफा ४७ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिन्छ।

| क.सं. | ठेक्का नं. | ठेकेदारको नाम | योजनाको नाम | भ्याट र पि.एस.सहित कबोल अंक रु. | |
|---|---|---|---|---|---|
| १. | KRM/SQ/ WORKS /28/ 2080-081 | श्री हार्दिका निर्माण सेवा खजुरा ४ बाँके | जनसेवा माध्यमिक विद्यालयमा अधुरो भवन निर्माण कार्य | रु. ८,८७,९५४.८६ | |

## नयाँ...

भवन लगायतका संरचनाहरु बनेपनि नयाँ सहरका लागि पर्याप्त भौतिक पूर्वाधार बन्न सकेको छैन्। राकम कर्णालीका युवा अर्जुनबहादुर शाही भन्छन् 'नयाँ सहर आयोजनाले जुन गतिमा नयाँ सहरका लागि पूर्वाधार विकासको काम हुनुपर्थ्यो त्यो हुन सकेन्, पूर्वाधार निर्माण निकै सुस्त छ।' राकम कर्णालीलाई नयाँ सहर घोषणा गरेपछि योजना अनुसार काम हुन सकेको शाहीको भनाई छ।

त्यतिबेला जमिनको उपलब्धता, जनसंख्या, जनघनत्व, आर्थिक विकासको सम्भावना, गैरकृषिमा संलग्न जनसंख्या, खानेपानीको स्रोत, सरकारी सेवाको अवस्था, साक्षरता र सडकको पहुँच लगायतका ११ सूचकलाई आधार मानेर नयाँ सहरका लागि क्षेत्र छनौंट गरिएको थियो।

योजनावद्ध सहरीकरण गरी नयाँ सहरलाई केन्द्रको रुपमा विकास गर्ने, प्रत्येक नयाँ सहरमा एक लाख जनसंख्याका लागि पूर्वाधार बनाउने सरकारको लक्ष्य थियो। मध्यपहाडका सहरउन्मुख ठाउँलाई नयाँ सहर बनाउने काम सुस्त गतिमा भईरहेको सरकारी अधिकारीहरु नै स्वीकार्छन्।

जग्गा विवाद, बजेट र जनशक्ति अभाव लगायतका चुनौती नयाँ सहर आयोजनाले झेलिरहेको छ। नयाँ शहर आयोजना कार्यालय राकमकर्णालीका आयोजना उपप्रमुख प्रवेशराज लामिछाने भन्छन् ' नयाँ सहर आयोजनालाई सबैले वेवास्ता गरेको देखिन्छ।' नयाँ शहर आयोजनाको कार्यालय आठबीस नगरपालिका-४ राकम कर्णालीमा छ। आठविस नगरपालिका वडा नं.२, ३ र ४ कार्यक्षेत्र रहेको नयाँ शहरले कुल ४७ दशमलव ६ वर्ग किलोमिटर क्षेत्रफललाई ओगटेको छ। कार्यालयले २०६८ देखी नियमित रुपमा विकास निर्माणको कार्यहरु गर्दै आइरहेको छ। राकम कर्णाली नयाँ शहरको पुर्वमा कर्णाली राजमार्ग र पश्चिममा कर्णाली नदी विचमा समुन्द्र सतहदेखि सात सय मिटर उचाईमा छ। राकम कर्णाली क्षेत्रमा कर्णाली नदीका किनारमा रहेका जम्मा सात वटा भू-भागमा ल्याण्डपुलिंगको कन्सेप्टबाट अगाडी बढे व्यवस्थित र नयाँ सहर निर्माणको लक्ष्य पुरा हुनसक्छ। राकम कर्णालीमा व्यवस्थित सहर बने दैलेखसँगै साविकका कर्णाली र अछामसम्मका लागि प्रमुख केन्द्र बन्न सक्छ।

# इन्फ्लुएन्जा (फ्लू)बाट सुरक्षित रहौं

### इन्फ्लुएन्जा (फ्लू) भनेको के हो ?

इन्फ्लुएन्जालाई बोलीचालीको भाषामा फ्लू भनिन्छ। यो इन्फ्लुएन्जा भाइरसका कारणले लाग्ने संक्रामक रोग हो। जाडो महिनामा धेरै सक्रिय हुने यो भाइरसले शिशुदेखि जवान, अधबैंसे र वृद्धवृद्धा समेत सबै उमेरका व्यक्तिहरुलाई फ्लू लाग्न सक्छ।

### फ्लू कसरी सर्छ ?

फ्लू भएका व्यक्तिले बोल्दा, खोक्दा, हाच्छिउँ गर्दा निस्किएका छिटा नजिकको व्यक्तिको नाक वा मुखमा परेमा भाइरस सर्न सक्छ। ती छिटा सासबाट फोक्सोमा पनि जान सक्छन्। भाइरस भएको कुनै सतह छोएर आफ्नो मुख वा नाक छुँदा पनि फ्लू लाग्न सक्छ।

### फ्लूका लक्षण के हुन् ?




( फ्लू भएका सबैलाई ज्वरो नआउन पनि सक्छ )

### फ्लू रोकथाम कसरी गर्ने ?

- बिरामी भएका व्यक्तिहरुसँग भौतिक दूरी राख्ने
- खोक्दा वा हाच्छिउँ गर्दा आफ्नो मुख र नाक छोप्ने
- शारीरिक रुपमा सक्रिय हुने र प्रशस्त तरल पदार्थ र पौष्टिक खाना खाने
- सम्भव भएसम्म बिरामी हुँदा घरमै बस्ने
- बेलाबेलामा साबुनपानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने
- आफ्नो आँखा, नाक वा मुख नछुने

फ्लू भएका अधिकांश व्यक्तिहरुलाई चिकित्सकको हेरचाह वा एन्टिभाइरल औषधिहरु आवश्यक पर्दैन। दीर्घ रोगी, गर्भवती, वृद्धवृद्धा तथा रोग प्रतिरोधात्मक क्षमता कम भएकालाई फ्लूले धेरै असर गर्ने र अवस्था जटिल बनाउने भएकाले त्यस्ता व्यक्तिले स्वास्थ्यकर्मीको निगरानी वा सम्पर्कमा रहनुहोला।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**स्वास्थ्य सेवा निर्देशनालय**
वीरेन्द्रनगर, सुर्खेत


## घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस्।
DIN **कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ।**



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००



## घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा

१ घर जग्गा बिक्री गर्ने वास्तविक ब्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्धा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ़ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझने
८ उक्त जग्गामा मोही भय नभयको बुझने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ़ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ।

**कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.**
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१



## हटलाइन मर्मत सेवा
## फोन गर्नुहोस ।
## समस्या सुनाउनुहोस
## समाधान पाउनुहुनेछ ।

धेरै समस्याको समाधान अब एकै ठाउँबाट
१) पानी, बत्ती टुटफुट मर्मत सेवा।
२) फर्निचर (काप्रेन्टर) मर्मत सेवा।
३) आल्मोनियम, फ्रिफेब मर्मत सेवा।
४) टायल, मार्बल टुटफुट मर्मत सेवा।
५) वल्डिङ, बेल्डिङ मर्मत सेवा।
६) पाथरुम, शौचालय मर्मत सेवा।
७) कोठा सार्ने गाडी सुविधा।
८) नयाँ, पुराना फर्निचर, ग्याँस चुलो, भाँडावर्तन खरिद-विक्रि तथा मर्मत
९) सेकेण्डहेण्ड स्कुटी, मोटरसाइकल खरिद-विक्रि

२४ सै घण्टा सेवा गर्ने अवसर दिनुहोस ।

**सामेल निर्माण सेवा**
वीरेन्द्रनगर-१२, सुर्खेत
हटलाइन मोबाइल नं. : ९८५८०२२७१८


## सिम्ता...

जिम्मेवारी दिन एमाले संसदीय दलले सिफारिस गरेको छ। मन्त्री खत्रीले बैशाख १२ गतेसम्म मन्त्री परिषदका सदस्यहरुको कार्य विभाजन सम्पन्न हुने बताए।

उनले भने, 'संघीयता र प्रदेश बारेमा विभिन्न टिकाटिप्पणी भइरहेको अवस्थामा प्रदेश सरकार जनताको नजिकको सरकार हो भनेर जनतालाई प्रत्याभूति दिन लागिपर्नेछौं, आगामी बजेटमा नयाँ योजनासाथ जनतालाई प्रदेश सरकार अपरिहार्य रहेछ भन्ने अनुभुति दिनेछौं।'


## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरु**
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत। मो: नं ९८४८०७६८५६ (डी.बी. राना)



भवानी छापाखाना
DIGITAL COLOUR PRINTER

सुलभ दर तथा गुणस्तरीय छपाई तोकिएकै समयमा
**क्यालेण्डर**
स्पाइरल | साधारण | टेबल

के तपाई २०८१
सालको क्यालेण्डर छपाईको लागि विश्वसनीय छापाखानाको खोजीमा हुनुहुन्छ ?



•Screen Print •Offset Print •Digital Print
B.C. Group Karnali 2070
24 Years in Printing Experience
Quality & Quantity Printing House

संसार प्रसिद्ध HEIDELBERG
कर्णाली प्रदेशमै पहिलो पटक (20" × 30" & 19" × 25")
Multicolour Printing Machine
25000 Printing Per Hour



# भवानी छापाखाना
Industry :- Birendranagar Industrial Area
: pressbhawani@gmail.com
Office :- Birendranagar-6, Surkhet
☎: 083-521615, 9858067999


युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, प्रधान कार्यालय: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।